# गन्यापधुरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं. :- २०८०/०८१
च. नं. :-

मिति- २०८१/०२/२०

**सूचना।　　सूचना।।　　सूचना।।।**

**बिषय :- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको राष्ट्रिय परिचयपत्र नं. अनिवार्य गरिएको सम्बन्धी अत्यन्त जरूरी सूचना।**

प्रस्तुत बिषय सम्बन्धमा गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरवार काठमाडौंको च. नं. २४३ मिति २०८०।०७।१९ गतेको पत्रको बुँदा नं. ४ अनुसार १६ वर्षमाथीका नँया लाभग्राहीहरुको VERSP-MIS सिस्टममा नाम दर्ता गर्दा राष्ट्रिय परिचयपत्र नं. अनिवार्य गरिदै आएको ब्यहोरा सम्पूर्ण लाभग्राही तथा सरोकारवालामा विदितै छ। विभागको च. नं. ३८५ मिति २०८१।०१।२४ गतेको बायोमेट्रिक भेरिफिकेशन अनिवार्य गर्ने सम्बन्धमा विषयको पत्रानुसार यस स्थानीय तहमा मा २०८१।१०।०१ गते देखि सामाजिक सुरक्षा भत्ता नवीकरण गर्दा राष्ट्रिय परिचयपत्र नं. (NIN) अनिवार्य रूपमा प्राप्त गरेको हुनु पर्ने प्रावधान अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने १६ वर्ष माथीका सम्पूर्ण लाभग्राहिहरुले यदि राष्ट्रिय परिचयपत्र दर्ता शिविरमा आ-आफ्नो टोलमा राष्ट्रिय परिचयपत्रको लागि आवेदन दिनुभएको भए शिविरमा प्राप्त गरेको राष्ट्रिय परिचयपत्र आवेदन फाराम लिएर वडा कार्यालयमा सम्पर्क गर्नुहुन तथा राष्ट्रिय परिचयपत्र को लागि आवेदन दिन छुटेको भए यथासिघ्र जिल्ला  प्रशासन कार्यालयको राष्ट्रिय परिचयपत्र व्यवस्थापन ईकाईमा सक्कल नागरिकता सहितका प्रमाणपत्रहरु संलग्न गरि आवर्दन दिई (NIN) प्राप्त गरि आ-आफ्नो भत्ता प्राप्त गर्ने वडा कार्यालयमा बझाउन हुन सम्पूर्ण लाभग्राही तथा सरोकारवालामा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

(NIN) प्राप्त नगरेको कारण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नँया नाम दर्ता तथा नवीकरण छुट्न गएमा स्वयम् लाभग्राही नै जिम्मेबार रहने व्यहोरा समेत जानकारी गराईन्छ।

**दिलिप कुमार तामाङ**
**प्रमुख प्रशासकीय अधिकृत**

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:-**

१. श्री सूचना प्रविधि शाखा, वेवसाईटमा सूचना प्रकाशन गरिदिन हुन।
२. श्री वडा कार्यालय सबै, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई सूचना, जानकारी गरिदिनहुन।